# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल


### नगर प्रमुख उद्यमशिलता प्रवर्द्धन कार्यक्रम, २०७७ बमोजिम दरखास्त पेश गर्ने म्याद थप सम्बन्धी सार्वजनिक सूचना

प्रस्तुत विषयमा रत्ननगर नगरपालिकाद्वारा मिति २०७७/१०/१५ गते राष्ट्रिय दैनिक राजधानी दैनिकमा प्रकाशित भएको सूचना अनुसार आ.व. २०७७/०७८ को लागि सातौं नगर सभाबाट पारित नीति तथा कार्यक्रम बमोजिम "नगर प्रमुखसँग उद्यमशिलता प्रवर्द्धन कार्यक्रम" संचालन कार्यविधि, २०७७ मा व्यवस्था भए अनुसार तपशिल बमोजिमका व्यवसायहरुलाई आधार वनाई वैदेशिक रोजगारीवाट फर्किएका तथा नगरमा स्थायी बसोबास भएका वेरोजगार नागरिकहरुलाई तपशिलमा उल्लेखित व्यावसायिक शिर्षकहरुमा उद्यम व्यवसाय संचालन गरि स्वरोजगार र आत्मनिर्भर बनाउनका लागि शुन्य व्याजदरमा सहुलियतपूर्ण कर्जा प्रदान गरिने भएकोले ईच्छुक दलित समुदाय, महिला, जनजाति, अपाङ्ग, आर्थिक हिसाबले विपन्न, किसान, मजदुर, सीमान्तकृत लोपोउन्मुख समुदाय, विदेशबाट फर्किएका तथा वेरोजगार नगरवासीहरुले तपशिल बमोजिमका कागजात सहित थप गरिएको समयावधि मिति २०७७/११/१२ भित्रमा यस कार्यालयमा तपशिल बमोजिमको कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

१) तरकारी, फलफूल, जडिबुटी लगायतका नगदेवाली तथा मौरीपालन।
२) गाई, भैंसीपालन, हाँस कुखुरा जस्ता घरपालुवा पन्क्षी, भेडाबाखा तथा बुंगुरपालन र माछापालन।
३) स्थानिय कच्चा पदार्थमा आधारित घरेलु, साना र लघु उद्योग सम्बन्धि विविध व्यवसाय।
४) खाजा, नास्ता पसल, सिलाई कटाई कार्य, जुत्ता, चप्पल तथा व्याग बनाउने, फलफूल तरकारी पसल, शैलुन, केश श्रृंगार तथा स्थानिय उत्पादन विक्री वितरण गर्ने सेवामूलक व्यवसाय।

दरखास्त फारम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१. नगर प्रमुख उद्यमशिलता प्रवर्द्धन कार्यक्रम निर्देशिका, २०७७ को अनुसूची-१ बमोजिमको निवेदन।
२. कोभिड-१९ प्रभावित भई विदेशबाट आएको प्रमाण।
३. नागरिकताको प्रमाण पत्र वा स्थायी बसोबास प्रमाणित कागज।
४. उद्यम व्यवसाय सञ्चालन तथा कर्जा उपयोग सम्वन्धी स्किम।
५. व्यवसाय दर्ता गरेको भए व्यवसाय दर्ता प्रमाण पत्र (नविकरण सहित)।
६. उद्यम व्यवसाय संचालन गर्ने स्थानको निवेदकको स्वामित्व खुलेको कागजपत्र वा लीज संझौता सम्बन्धी कागजपत्र।
७. स्व घोषणा पत्र (कालो सूचीमा नपरेको)।
८. नगरपालिका वा अन्य कुनै निकायद्वारा संचालित आधारभूत तालिम प्राप्त गरेको प्रमाण पत्र।
९. नगरपालिकामा व्यवसाय दर्ता गरेको भए प्रमाण पत्र।
१०. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

(प्रमुख प्रशासकीय अधिकृत)
शिशिर पौडेल
प्रमुख प्रशासकिय अधिकृत

थप जानकारीको लागि :
सम्पर्क व्यक्ति : विश्वास श्रेष्ठ, सम्पर्क नम्बर : ९८५५०११९२४
(नोट : रित नपुगी एंव म्याद नाघी आएको निवेदनमा कुनै कारवाही गरिने छैन।)